नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३१

७ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन ६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२३ | ४७ | ९८ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२१ | ४७ | ९७ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

६ साउन साँझ ५:०० बजेदेखि ७ साउन बिहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर १० स्थानमा **पहिरो,** ६ स्थानमा **अविरल वर्षा, १ स्थानमा जंगली बदेलको आक्रमणका** घटना घटेका छन् । यी घटनामा परेर ३ जनाको **मृत्यु,** ५ जना **घाईते** भएका छन् । **बाढी र पहिरोबाट** ३ स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्युसंख्या | हराएको | घट्नासंख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ६ | – | १७ | ५ | १६,८६,००० | ३ | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको १७ घण्टा *(साउन ६ बेलुकी ५ देखि साउन ७ विहान १० बजेसम्म)* मा विपद्का **१७** वटा घट्नाहरु भएका छन् ।
- **कञ्चनपुरको** बेदकोट नगरपालिका वडा नं. १ चम्फापुरस्थित शुक्लाफाटा आरक्षबाट **जंगली बदेलले** बस्तिमा आई आक्रमण गर्दा **३ जना** घाईते ।
- **झापा**को बुद्धशान्ति गाउँपालिका वडा नं. ७ मोदिडाँडाको एक घरमा अबिरल वर्षाको कारण माथिबाट **पहिरो** खस्दा घरको पर्खाल भत्की पहिरोले पुरिएर एकजनाको **मृत्यु** ।
- **म्याग्दीको** म्याग्दी अन्नपुर्ण गाउँपालिका वडा नं. २ भुरुङ तातोपानी नागढुङगास्थित भिरमा माथिबाट आएको ढुङगा माटो सहितको **पहिरो**मा परि **एक** जनाको घटना स्थलमानै **मृत्यु, अर्का एक व्यक्ति** खुट्टामा चोट लागि **घाईते** ।
- **स्याङ्जाको** गल्याङ नगरपालिका वडा नं. १० गाँउस्वारास्थित एक घर माथिबाट **पहिरो** झरी घर पुर्णरुपमा क्षति, सोही घरका **एक जनाको मृत्यु, एक जना घाईते** अवस्थामा स्थानियले उद्धार गरेको ।
- **पाँचथरको** फिदिम नगरपालिका वडा नं.१३ रमितेमा अबिरल बर्षाको कारण एउटा कच्ची घरको माथिबाट **पहिरो** आई घर भत्कीई पुर्ण रुपमा क्षति ।
- **सुनसरी**को बराहक्षेत्र नगरपालिका वडा नं. ५ मा अबिरल बर्षाको कारण घैचा खोलाको पानीको **भेलबाढी**ले एक विद्यालय भत्किँदा **५ लाख रुपैयाँ** बराबर क्षति ।

## घट्ना सारांश...

- **सर्लाही**को चन्द्रनगर गाउँपालिका वडा नं.४ मुस्लिम टोलमा रहेको एउटा मदरसाको पर्खाल **अविरल वर्षाको** कारण भत्किँदा **३ लाख रुपैयाँ** बराबरको क्षति ।
- **धनुषा**को गणेशमान चारनाथ नगरपालिका वडा नं. ९ बरमझिया टोलमा **अविरल वर्षाको** कारण एउटा **कच्चि घर** भत्किँदा **३० हजार रुपैयाँ** बराबरको क्षति । **अर्को एक** कच्चि घर आंशिक रुपमा भत्किँदा **१० हजार रुपैयाँ** बराबरको क्षति ।
- **गोरखाको** गोरखा **नगरपालिका वडा नं.** ९ लक्ष्मीबजारस्थित द्रव्यशाह क्याम्पस नजिकैबाट पहिरो खस्न जाँदा **एक** टिनले छाएको फर्निचर उद्योगको टहरो पुर्ण रुपमा नष्ट ।
- **तनहुँको** भानु नगरपालिका वडा नं. १ साजबुटेस्थित **अबिरल बर्षाको कारण** एक कच्चि घर पूर्ण क्षति र अन्य ५ कच्चि घर आंशिक क्षति । बन्दिपुर गाउँपालिका  वडा नं.६ नाल्दीस्थित बुद्ध सिंह राजमार्गको बाटो माथिबाट पहिरो आई **एक** कम्प्युटर पसल सहित **एक** कुखुरा फार्मबाट १०० वटा कुखुरा, २ वटा मोटरसाइकल र एक खाजा घर सहित बगाएको ।
- **पाल्पाको** रम्भा गाउँपालिका वडा नं. ४ लोरेङस्थित एक घरको उत्तर साईडको भित्ता **अबिरल वर्षाको कारण** भत्किएको । **पाल्पाको** निस्दी गाउँपालिका वडा नं. ४ झ्यालटुङस्थित एक कच्चि घर **अविरल बर्षा**को कारण भासिन जाँदा **८ लाख** बराबरको क्षति ।
- **नवलपरासी पश्चिमको** नारायणी नदीको बहाव बढ्न गई सुस्ता **गाउँपालिका वडा नं.** ५ थारु टोलस्थित ५ वटा गोठ भत्कदा ४६ **हजार** रुपैंया बराबरको क्षति ।
- **दार्चुलाको** मालिकार्जुन गाउँपालिका वडा नं. ८ गाडखोलास्थित एक गोठबाट गाई बाहिर निकाल्ने क्रममा गोठको आगनमा पहिरो गई गाई बगाएको ।

## सडक अवरोध

- **चितवनको** भरतपुर महानगरपालिका वडा नं. २९ मुग्लिङ नारायणगढ सडक खण्डको **सत्र किलो** नजिकै माथिबाट चट्टान सहितको **पहिरो** खसी **बाटो पूर्ण रुपमा अबरुद्ध** ।
- **म्याग्दीको** म्याग्दी अन्नपुर्ण गाउँपालिका वडा नं. २ भुरुङ तातोपानी नागढुङगास्थित भिरमा माथिबाट आएको ढुङगा माटो सहितको **पहिरोका** कारण **बेनी जोमसोम सडक खण्ड पुर्णरुपमा अबरुद्ध** ।
- **पाल्पाको** तिनाउ गाउँपालिका वडा नं. ३ नागमन्दिरस्थित सिद्दार्थ राजमार्गमा माथिबाट ढुङ्गा र माटो सहितको **पहिरो** खसी **बाटो पुर्णरुपमा अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परेर घाइते भएका व्यक्तिहरुलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको, स्थानीयको सहयोगमा अबरुद्ध बनेका बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन ०६ गते बिहान ०८:४५ बजे देखि साउन ०७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०७ गते बिहान ०८:४५ बजे १७५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः २७ र स्वचालितः १४८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३८ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (९८.४ मि. मी.) ईलाम जिल्लाको कन्काई मैनाचुली केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-७ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो क्रममा हुने र सतर्कता तलै हुने । कोशी, नारायणी र यसका सहायक नदीमा बहाव घट्दो हुने तर सतर्कता भन्दा केही मात्र तल हुने वा सतर्कता आसपास नै हुने ।
- आज कन्काई, कमला, बागमतीमा बहाव सामान्य घटबढ हुने, पश्चिम राप्ती, बबई, लगायतमा घट्दो हुने तथा सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ । कन्काई, कमला, बागमतीका केही सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने न्यून संभावना रहेको छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा लगायत प्रदेश २ का जिल्लाहरु, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, चितवन, नवलपरासी, गुल्मी, भई बहने साना नदीमा आकस्मिक बहावको न्यून संभावना रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/